# नेपालगञ्ज राजपत्र

## नेपालगञ्ज उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्ड (९) नेपालगञ्ज, असार १९ गते २०८३ साल (संख्या १

# भाग २

## नेपालगञ्ज उपमहानगरपालिकाको सूचना

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम नेपालगञ्ज उपमहानगरपालिकाको नगर कार्यपालिकाबाट मिति २०८३/०२/२७ गते स्वीकृत गरेको नियम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**संवत् २०८३ सालको नियम नं. १**

# नेपालगञ्ज उपमहानगरपालिकाको नेपालगञ्ज पत्रकार कल्याणकारी कोष सञ्चालन निर्देशिका, २०८३

# नेपालगञ्ज उपमहानगरपालिकाको नेपालगञ्ज पत्रकार कल्याणकारी कोष सञ्चालन निर्देशिका, २०८३

## प्रस्तावना

प्रस्तावना : नेपालगञ्ज उपमहानगरपालिकाको भौगोलिक क्षेत्र भित्र अविच्छिन्न रुपमा कार्यरत पत्रकारहरुको सामाजिक सुरक्षालाई हृदयङ्गम गर्दै, विशेष सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालन गर्न वाञ्छनिय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ एवम् नेपालगञ्ज उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिकाको मिति २०८३।०२।२७ गतेको निर्णय अनुसार "नेपालगञ्ज पत्रकार कल्याणकारी कोष सञ्चालन निर्देशिका, २०८३" तयार गरि लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१) यो निर्देशिकाको नाम नेपालगञ्ज पत्रकार कल्याणकारी कोष सञ्चालन निर्देशिका, २०८३ रहेको छ ।

२) यो निर्देशिका स्थानीय नेपालगञ्ज राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२) परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) 'निर्देशिका' भन्नाले नेपालगञ्ज पत्रकार कल्याणकारी कोष सञ्चालन निर्देशिका–२०८३ सम्झनु पर्छ ।

ख) 'समिति' भन्नाले कोषको सञ्चालन समिति सम्झनु पर्छ ।

ग) 'सहयोग' भन्नाले कोषबाट प्राप्त व्याजबाट प्रदान गरिने सहयोगलाई जनाउनेछ ।

घ) 'कोष' भन्नाले "नेपालगञ्ज पत्रकार कल्याणकारी कोष" लाई सम्झनु पर्छ ।

२) उपनियम (१) बमोजिम स्थापित कोषमा देहायका रकमहरु आम्दानिको रुपमा रहनेछ ।

क) नेपालगञ्ज उपमहानगरपालिकाबाट पत्रकार कल्याणकारी कोषको नाममा विनियोजित रकम ।

ख) नेपालगञ्ज उपमहानगरपालिकाको "एकीकृत स्थानीय सञ्चार कार्यविधि, २०८३" को दफा १० बमोजिम प्राप्त हुने रकम ।

ग) नेपाल पत्रकार महासंघ बाँके शाखाले थप गरेको रकम ।

घ) खण्ड क र ख मा लेखिएदेखि बाहेक सम्पूर्ण सरकारी तथा गैर सरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, उद्यमी, व्यापारी, विभिन्न पेशागत व्यक्तिहरु, राजनीतिक दल, ट्रेड युनियन, नागरिक समाज, वित्तीय संस्था, शैक्षिक संस्था, सर्वसाधरण वा पत्रकारले स्वेच्छाले प्रदान गरेको रकम ।

ङ) नेपाल सरकार (संघ), प्रदेश सरकार, स्थानीय सरकार एवं विभिन्न स्थानीय तहहरुबाट कोषका लागि प्राप्त गरेको रकम ।

च) कोषलाई अन्य स्रोतबाट प्राप्त रकम ।

४) कोषको प्रयोग : यस कोषको मूलधन खर्च गरिने छैन । कोषको व्याजबाट प्राप्त भएको रकम देहाएको कार्यमा खर्च गर्न सकिने छ :

(क) पत्रकारहरुको बीमा :

अ) यस कोषबाट प्राप्त हुने व्याजबाट नेपाल पत्रकार महासंघ बाँके शाखामा आवद्ध पत्रकारको 'स्वास्थ्य बीमा' र 'दूर्घटना बीमा' गरिने छ ।

आ) बिमामा सहभागी हुन नेपाल पत्रकार महासंघको सदस्यता अनिवार्य रुपमा नवीकरण भएको हुनुपर्नेछ ।

इ) यस्तो उपचारको व्यवस्था तोकिएको सरकारी तथा मेडिकल कलेजमा मात्र गर्ने व्यवस्था मिलाइने छ ।

ई) कोषको व्याजको रकमबाट आवश्यक्ता अनुसार सञ्चार क्षेत्र प्रवर्द्धन सम्बन्धी विभिन्न क्षमता विकास, वृत्ति लेखन लगायत विभिन्न कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ख) कानुनी हेल्प डेस्क :

अ) नेपाल पत्रकार महासंघमा आवद्ध पत्रकारलाई पत्रकारिताको सिलसिलामा आवश्यक पर्ने कानुनी सल्लाह/परामर्श र उपचारको लागि नेपाल पत्रकार महासंघ बाँकेमा ३ सदस्यीय 'कानुनी हेल्प डेस्क' स्थापना गरिनेछ ।

आ) हेल्प डेस्कमा रहने पदाधिकारीहरुको मनोनयन नेपाल पत्रकार महासंघ बाँके शाखाले गर्नेछ ।

(ग) विशेष वृत्तिको व्यवस्था :

अ) कार्यसम्पादनको क्रममा मिडिया हाउसले क्रियाशिल पत्रकारलाई सेवाबाट बिना कारण बर्खास्त गरेको अवस्थामा निज पत्रकारलाई तत्क्षण पर्न जाने असुविधालाई ख्याल गर्दै एक (१) महिनाको न्यूनतम पारिश्रमिक उपलब्ध गराइने छ ।

आ) यो अवधिमा नेपाल पत्रकार महासंघ बाँके शाखाले कानुनी हेल्प डेस्क मार्फत् मिडिया हाउस र सम्बन्धित पत्रकारबीच समस्या समाधानका लागि आवश्यक पहल गर्नेछ ।

इ) यस्तो सुविधा प्राप्त गर्न सम्बन्धित पत्रकारले नेपाल पत्रकार महासंघ बाँके शाखामा घटनाको विवरण खुलाइ आवेदन दिनुपर्ने छ ।

५) कोष सञ्चालन समिति :

१) कोष सञ्चालन तथा व्यवस्थापन गर्न नेपालगञ्ज उपमहानगरपालिकाले देहाय बमोजिमको एक कोष सञ्चालन समिति गठन गर्नेछ ।

क) नगर प्रमुख, नेपालगञ्ज उपमहानगरपालिका – संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत
नेपालगञ्ज उपमहानगरपालिका – सदस्य

ग) अध्यक्ष, नेपाल पत्रकार महासंघ बाँके शाखा – सदस्य

घ) कोषाध्यक्ष, नेपाल पत्रकार महासंघ बाँके शाखा – सदस्य

ङ) सामाजिक विकास शाखा प्रमुख, नेपालगञ्ज
उपमहानगरपालिका – सदस्य सचिव

२) समितिको बैठक समितिका संयोजकले तोकेको समय, मिति र स्थानमा बस्नेछ ।

३) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

४) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६) कोषको व्यवस्थापन तथा सञ्चालन :

१) कोषको रकम 'क' वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

२) उपनियम (१) बमोजिमको खाता नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

७. लेखा तथा लेखा परीक्षण :

१) कोषको आम्दानी र खर्चको लेखा नेपाल सरकारको प्रचलित कानुन (लेखा प्रणाली) बमोजिम राखिनेछ ।

२) कोषको लेखा परीक्षण रजिस्टर्ड लेखा परिक्षकबाट हुनेछ ।

**८) कोषको रकम वितरण गर्ने कार्यविधि :**

**१. नियम ४ बमोजिमका क्षेत्रहरुमा खर्च गर्नु परेमा कोषमा रहेको मूलधनबाट प्राप्त व्याजबाट समितिको बैठकको निर्णयानुसार खर्च गर्न सकिनेछ ।**

**९. बाधा अडकाउ फुकाउ :**

**१. यस कार्यविधिमा उल्लेख भएका कुनै विषयहरु प्रचलित कानून संग बाझिएमा, बाझिएको हदसम्म स्वतः बदर भएको मानिनेछ ।**

**२. यस निर्देशिकाको कुनै विषयमा द्धिविधा उत्पन्न भई विवाद सृजना भएमा वा कुनै विषाय संशोधन वा थपघट गर्नुपरेमा नगर कार्यपालिका बैठकबाट गर्न सकिने छ ।**

**आज्ञाले,**
**मानबहादुर बम**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणीकरण मिति : ईति सम्वत् २०८३ साल जेष्ठ २७ गते रोज ४ शुभम् ।**